दक्षिणकाली नगरपालिका

# दक्षिणकाली क्षेत्र विकास समितिको कार्यालय

दक्षिणकाली, काठमाडौँ

## दोपाया चौपाया खुईल्याउने, दुईपाङ्ग्रे, चारपाङ्ग्रे सवारी पार्किङ र पिकनिक सेडहरुको शुल्क उठाउने सम्बन्धी सिलबन्दी बोलपत्र आव्हानको सुचना

प्रथम पटक प्रकाशित मितिः२०७९/३/१२

यस दक्षिणकाली क्षेत्र विकास समितिको आ.व.२०७९/०८० र ०८०/०८१ को लागि सिलबन्दी बोलपत्रको माध्यमबाट निम्नानुसारको शुल्क उठाउने सम्बन्धी कार्यको लागि ठेक्का आव्हान गरिएकोले काम गर्न इच्छुक बोलपत्रदाताले यो सुचना प्रकाशित मितिले तपसिल बमोजिमको कार्यालय समयभित्र सम्पर्क गर्नुहुन सुचित गरिएको छ।विस्तृत विवरण दक्षिणकाली नगरपालिकाको वेबसाईट www.dakshinkalimun.gov.np बाट प्राप्त गर्न सकिने छ।

| क्र. सं | ठेक्का नं. | विवरण | बोलपत्र फारम दस्तुर रु. | लागत अनुमान (मु.अ.क.बाहेक) | जमानत रकम | सुचनाको अवधि |
|---|---|---|---|---|---|---|
| १ | १/०७८/०७९ | दोपाया चौपाया खुईल्याइ शुल्क उठाउने | ३०००/- (तिन हजार) | ५०,७२,१००/- (पचास लाख बहत्तर हजार एक सय) | १२६८०३/- (एकलाख छबिस हजार आठ सय तिन) | ३० दिन |
| २ | २/०७८/०७९ | दुईपाङ्ग्रे सवारी साधनको पार्कङ शुल्क उठाउने | १०००/- (एक हजार) | १३,५०,०००/- (तेह लाख पचास हजार) | ३३७५०/- (तेतिस हजार सात सय पचास) | १५ दिन |
| ३ | ३/०७८/०७९ | चारपाङ्ग्रे सवारी साधनको पार्कङ शुल्क उठाउने | ३०००/- (तिन हजार) | २८,३०,०००/- (अठाईस लाख तिस हजार) | ७०७५०/- (सतरी हजार सात सय पचास ) | ३० दिन |
| ४ | ४/०७८/०७९ | पिकनिक सेडहरुको शुल्क उठाउने | १०००/- (एक हजार) | १८,००,०००/- (अठार लाख) | ४५०००/- (पैतालिस हजार) | १५ दिन |

दक्षिणकाली क्षेत्र विकास समिति

**Published on 2079-03-12, (26 th June 2022, Nagarik Daily)**

दक्षिणकाली नगरपालिका

# दक्षिणकाली क्षेत्र विकास समितिको कार्यालय

दक्षिणकाली, काठमाडौं।

## दोपाया चौपाया खुईल्याउने, दुईपाङ्ग्रे, चारपाङ्ग्रे सवारी पार्किङ र पिकनिक सेडहरुको शुल्क उठाउने सम्बन्धी सिलबन्दी बोलपत्र आव्हानको सुचना

प्रथम पटक प्रकाशित मिति:२०७९/३/१२

यस दक्षिणकाली क्षेत्र विकास समितिको आ.व.२०७९/०८० र ०८०/०८१ को लागि सिलबन्दी बोलपत्रको माध्यमबाट निम्नानुसारको शुल्क उठाउने सम्बन्धी कार्यको लागि ठेक्का आव्हान गरिएकोले काम गर्न इच्छुक बोलपत्रदाताले यो सुचना प्रकाशित मितिले तपसिल बमोजिमको कार्यालय समयभित्र सम्पर्क गर्नुहुन सुचित गरिएको छ। विस्तृत विवरण दक्षिणकाली नगरपालिकाको वेबसाईट www.dakshinkalimun.gov.np बाट प्राप्त गर्न सकिने छ ।

| क्र. सं | ठेक्का नं. | विवरण | बोलपत्र फारम दस्तुर रु. | लागत अनुमान (मु.अ.क.बाहेक) | जमानत रकम | सुचनाको अवधि |
|---|---|---|---|---|---|---|
| १ | १/०७८/०७९ | दोपाया चौपाया खुईल्याइ शुल्क उठाउने | ३,०००/- | ५०,७२,१००/- | १,२६,८०३/- | ३० दिने |
| २ | २/०७८/०७९ | दुईपाङ्ग्रे सवारी साधनको पार्कङ शुल्क उठाउने | १,०००/- | १३,५०,०००/- | ३३,७५०/- | १५ दिने |
| ३ | ३/०७८/०७९ | चारपाङ्ग्रे सवारी साधनको पार्कङ शुल्क उठाउने | ३,०००/- | २८,३०,०००/- | ७०,७५०/- | ३० दिने |
| ४ | ४/०७८/०७९ | पिकनिक सेडहरुको शुल्क उठाउने | १,०००/- | १८,००,०००/- | ४५,०००/- | १५ दिने |

पेशलकुमार पोखरेल

कार्यालय प्रमुख

दक्षिणकाली नगरपालिका

दक्षिणकाली क्षेत्र विकास समितिको कार्यालय

दक्षिणकाली, काठमाडौं।

## दुईपाङ्ग्रे सवारी साधनको पार्किङ शुल्क उठाउने सम्बन्धी सिलबन्दी बोलपत्र आव्हानको सूचना

प्रथम पटक प्रकाशित मिति २०७९/०३/१२

यस दक्षिणकाली क्षेत्र विकास समितिबाट आ.व. २०७९/०८० र २०८०/०८१ का लागी २०७९/३/५ गतेको निर्णय बमोजिम दुईपाङ्ग्रे सवारी साधनको पार्किङ शुल्क उठाउने कार्यको ठेक्का बन्दोबस्त गर्नु परेकोले बोलपत्रदाताको नविकरण भएको दर्ता प्रमाण पत्र, कारवाही वा कालो सुचीमा नपरेको स्वघोषणा, मुल्य अभिवृद्धि कर, नागरिकताको प्रमाण पत्र प्रतिलिपि तथा २०७७/०७८ सम्मको कर चुक्ताको प्रमाणित प्रतिलिपि पेश गरि ईच्छुक व्यक्ति, फर्म वा कम्पनिहरुले तोकिएको अवधि भित्र रित पूर्वकको सिलबन्दी बोलपत्रमा भाग लिनका लागी यो सुचना प्रकाशित गरिएको छ।

तपसिल

क) न्यूनतम वार्षिक रकमः

| सि.नं. | कार्य विवरण | न्यूनतम वार्षिक रकम (मु.अ.कर बाहेक) | अक्षेरुपी | कैफियत |
|---|---|---|---|---|
| १ | दुईपाङ्ग्रे सवारी साधनको पार्किङ शुल्क उठाउने कार्यको ठेक्का | १३,५०,०००/- | तेह्र लाख पचास हजार रुपैयाँ मात्र। | |

ख) दर रेट

| सि.नं. | कार्य विवरण | दर रेट रु. (कर सहित) | कैफियत |
|---|---|---|---|
| १ | मोटरसाईकल/स्कुटरको पार्किङ शुल्क उठाउने कार्य। | प्रति गोटा रु.२०/- | |

शर्तहरुः

१.बोलपत्र खरिद अवधि :- २०७९/०३/१२ देखि २०७९/०३/२६ गते कार्यालय समयभित्र।

२.बोलपत्र बुझाउने मिति :- बोलपत्र खरिद भएको मिति देखि २०७९/०३/२७ गते दिनको १२:०० बजेसम्म।

३.बोलपत्र खोलिने मिति र समय :- २०७९/०३/२७ गते दिनको २:०० बजे।

४.बोलपत्र खरिद, दर्ता र खोल्ने दिन सार्वजनिक बिदा परेमा सोको भोलिपल्ट सोहि समय भित्र खरिद, दर्ता र खोल्ने कार्य गरिने छ। बोलपत्र खरिद तथा पेश गर्न बोलपत्र दाता फर्मको प्रोपाइटर स्वयं उपस्थित हुनुपर्नेछ तर **आफै**

पेशल कुमार पोखरेल
कार्यालय प्रमुख

उपस्थित हुन नसक्ने भएमा अधिकारीक दस्तखत फर्मको छाप सहितको अख्तियार नामादिइ प्रतिनिधि खटाउन सकिनेछ। तर बोलपत्रदाता वा निजको प्रतिनिधि सो समयमा उपस्थित नभएपनि कार्यालयको प्रतिनिधिको रोहवरमा खोल्न सकिनेछ।

५.बोलपत्र फारम साथ धरौटीवापत कवोल अंकको २.५% (दुई दशमलव पाँच) प्रतिशत हुन आउने रकम साविक दक्षिणकाली क्षेत्र विकास समितिको राष्ट्रिय वाणिज्य बैंक, फर्पिङ्गको धरौटी खाता नं: १२००१००००१३०२००१मा रकम जम्मा गरेको सक्कल भौचर वा सूचना जारी भएको मितिले कम्तिमा १२० दिन म्याद भएको नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त क वर्गको वाणिज्य बैंकको बोलपत्र जमानत पेश गर्नुपर्नेछ।

६.बोलपत्र दाताले पेश गर्दा खामलाई सिलबन्दी गरी खामको बाहिर एकातर्फ बोलपत्र पेश गर्ने फर्मको नाम, ठेगाना, सम्पर्क नं र अर्को तर्फ दुईपाङ्ग्रे सवारी साधनको पार्किङ शुल्क दस्तुर उठाउने सम्बन्धमा पेश गरेको बोलपत्र फारम र कार्यालय दक्षिणकाली क्षेत्र विकास समिति भनेर स्पष्टसंग लेख्नु पर्नेछ तथा बोलपत्र साथ पेश भएका सम्पूर्ण कागजातहरु बोलपत्र दाताद्वारा प्रमाणित हुनुपर्नेछ।

७.आफुले कबोल गरेको रकमको अंक र अक्षरमा फरक परेमा अक्षर रकमलाई मान्यता दिईनेछ।

८.बोलपत्र दिंदा कुनै प्रकारको शर्त मान्य हुने छैन। साथै यस कार्यालयको छाप र कार्यालयको तर्फबाट प्रमाणित नभएको बोलपत्र फारम मान्यता दिइने छैन।

९.ठेक्का अवधि ठेक्का स्वीकृत भइ सम्झौता भएको मितिले २०८१ असार मसान्त सम्म रहनेछ र २०७९श्रावण १ गते पछी जुन मितिमा सम्झौता भए पनि सो सम्झौता भएको मितिबाट २०८१ साल असार मसान्त सम्मलाई दुई आर्थिक वर्ष मानिनेछ।

१०.ठेक्का स्वीकृत गरेको जानकारी प्राप्त भएको मितिले ७ दिन भित्र स्वीकृत कबोल अंकको २५% रकम नगदै ( यस दक्षिणकाली क्षेत्र विकास समितिको संचितकोष खातामा जम्मा गर्ने) तथा बाँकी ७५% रकमको हकमा यस दक्षिणकाली क्षेत्र विकास समितिको पक्षमा जारी भएको नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त क वर्गको वाणिज्य बैंकको मिति २०८१/०५/०१ सम्म अवधि रहेको बैंक ग्यारेन्टी (कार्य सम्पादन जमानत) पेश गर्नु पर्नेछ। अन्तिम किस्ता रकम तोकिएको समयमा नबुझाएमा पेश गरिएको बैंक जमानतबाट सम्झौता अनुसारको ठेक्का रकम असुलउपर गरिनेछ। यसरी असुलउपर गर्दा ठेकेदारले कुनै किसिमको हर्जाना दावी गर्न पाउने छैन।

११.ठेक्कामा कवोल गरेको रकम सम्झौता गर्दा नै अग्रिम रुपमा एकमुष्ट भुक्तानी गरेमा सो कवोल अंकमा १०% छुट दिन सक्ने तर भ्याट रकममा भने छुट दिइने छैन।

१२. मू.अ.कर छुट्टै लाग्नेछ र सो रकम आन्तरिक राजश्व कार्यालयमा बुझाउनुपर्नेछ ।

१३. ठेक्का रकम एकमुष्ठ भुक्तानी गर्न नसक्ने स्वीकृत बोलपत्रदाताले ठेक्का स्वीकृत गरेको जानकारी प्राप्त भएको मितिले ७ दिन भित्र स्वीकृत कबोल अंकको २५% रकम नगदै तथा बाँकी ७५% रकम दक्षिणकाली क्षेत्र विकास समितिले तोकेको अवधिभित्र ३ (तिन) किस्तामा बुझाउनु पर्नेछ । किस्ता रकम बुझाउँदा किस्ता रकम दक्षिणकाली क्षेत्र विकास समितिको कार्यालयमा जम्मा गर्नुपर्नेछ। धरौटी वापत जम्मा गरेको रकमलाई किस्तामा समावेश गर्न पाइने छैन र उक्त बैक जमानत तथा नगद धरौटी नियमानुसार कागजात पेश गरिसकेपछी प्रचलित कानुन बमोजिम फिर्ता गरिनेछ।

१४. कारोवार गर्दा बालश्रमिक प्रयोग गर्न तथा वातावरणमा प्रतिकुल असर पार्ने प्रविधि अपनाउन पाइने छैन।

पेशल कुमार पोखरेल
कार्यालय प्रमुख

१५.बोलपत्र स्वीकृत गर्ने आशयको सुचना प्राप्त गरि सकेपछी निर्धारित समयभित्र कार्यालयसँग सम्झौता गरिसक्नु पर्नेछ। तोकिएको समयभित्र सम्झौता गर्न नआएमा बोलपत्रदाताले राखेको धरौटी जफत गरी नियमानुसार कारवाही गरिनेछ।

१६. स्वीकृत बोलपत्रदाताले उठाउने शुल्क/ दस्तुर क्षेत्र विकास समितिले तोकिएको स्थानबाट नै उठाउनु पर्नेछ र दररेट सहित कार्यालयले तोकिएको विवरण भएको साइनबोर्ड सबैले देख्नेगरी राख्नुपर्नेछ, सि.सि क्यामराबाट पनि कामको निगरानी गर्नेछ साथै माइकिङ्गबाट पनि दररेट बारे सु-सुचित गराइने छ।

१७.ठेक्काकवोल गर्ने बोलपत्रदाताले कार्यालयले तोकिएको शुल्क उठाउँदा प्रयोग गर्ने रसिदहरु आफ्नो तर्फबाट छपाइ यस कार्यालयबाट प्रमाणित गराई प्रयोग गर्नुपर्नेछ।प्रमाणित नगरिएको रसिदबाट शुल्क उठाएको पाइएमा नियमानुसार कारवाही गरिनेछ। नियमानुसार प्रयोग गरिएका रसिदहरुबाट आम्दानी गरिएकोमा रकम आयखातामा मु.अ.करको हिसाब निकाल्नको लागि रसिद नं को क्रम अनुसार लेखाकंन गरि खाता र रसिद मासिक रुपमा अर्को महिनाको सात गते भित्र यस कार्यालयमा बुझाउनु पर्नेछ।

१८.म्याद नाघि वा रित नपुगी प्राप्त भएको बोलपत्र उपर कुनै कारवाही हुने छैन।कालोसुचीमा परेको व्यक्ति/फर्मको बोलपत्र स्वीकृत गरिने छैन।

१९.स्वीकृत बोलपत्रदाताले बन्द, हडताल, महामारी र दैवीप्रकोप र अन्य कारण देखाई छुट तथा मिनाहा दावी गरेमा कार्यालयले छुट दिने छैन।

२०.प्रचलित कानुन, सम्झौता र सुचनाको शर्त विपरित कार्य गरेमा जुनसुकै अवस्थामा पनि कार्यालयले ठेक्का तोड्न सक्नेछ र त्यसबाट कार्यालयलाई हानी नोक्सानी भएमा ठेक्का पक्षबाट सरकारी बाँकी सरह असुल उपर गरिनेछ।

२१.दक्षिणकाली क्षेत्र विकास समितिको क्षेत्र भित्र पार्किङ्ग हुने सवारी साधन बाहेक अन्य सवारी साधनबाट पार्किङ्ग शुल्क लिन पाईने छैन। शुल्क उठाउँदा कार्यालयले तोकेको पार्किङ स्थलमै उठाउनुपर्नेछ ।

२२. कुनै कारण जनाई वा नजनाई बोलपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार यस क्षेत्र विकास समितिमा सुरक्षित रहनेछ।

२३. यस सुचनामा उल्लेख भएको कुरा यसै अनुसार र नभएको विषयको हकमा प्रचलित कानून तथा ठेक्का स्वीकृती पश्चात दक्षिणकाली क्षेत्र विकास समितिमा हुने सम्झौता बमोजिम हुनेछ।

२४.बोलपत्र फाराम बिक्री, दाखिला तथा खोलिने कार्य दक्षिणकाली क्षेत्र विकास समितिको कार्यालयबाट हुनेछ।

२५.शर्त तथा अपूर्ण भएको शिलबन्दी बोलपत्र फारामलाई मान्यता दिईने छैन।

२६. यस कार्यालयले दिएको निर्देशन पालन गर्नु सम्बन्धित बोलपत्र दाताको कर्तव्य हुनेछ।

२७.बोलपत्रदाताले तपसिलमा उल्लेख गरेको न्युनतम वार्पिक रकम भन्दा कम उल्लेख गरेमा मान्यता दिईने छैन।

२८.सूचना सम्बन्धी विस्तृत विवरण यस कार्यालयको सूचना पाटी तथा दक्षिणकाली नगरपालिकाको वेवसाईट www.dakshinkalimun.gov.np मा हेर्न सकिनेछ।थप कुरा बुझ्न परेको खण्डमा यस कार्यालयको सम्पर्क नं. ०१-४७१०६१८, ०१-४७१००१५ मा यस कार्यालय भित्र जानकारी लिन सकिनेछ।

पेशल कुमार पोखरेल
कार्यालय प्रमुख